वैठक संख्याः १४

आज मिति २०७५।०४।१५ गते मंगलवार विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री गणेश प्रसाद दाहाल | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | शाखा अधिकृत (सातौ) | उपस्थित |
| २ | श्री टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| ३ | श्री बलराम गौतम | लेखापाल | उपस्थित |
| ४ | श्री दिनेश खड्का | स. क. अ. | उपस्थित |

प्रस्तावहरु

१. ठेक्का स्वीकृत सम्बन्धमा

२. आलेप गराउने सम्बन्धमा

३. सवारी साधन खरीद सम्बन्धमा

४. आईईको मस्यौदा प्रतिवेदन सम्बन्धमा

**<u>निर्णयहरु</u>**

**निर्णय नं. १:** चालु आ.व.मा ठेक्का बन्दोबस्त भएका तपशिल बमोजिमका स्थानीय पूर्वाधार सडक र हाटबजारहरुको ठेक्का बन्दोबस्त भएको हुदाँ अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स | ठेक्का सम्बन्धी विवरण | ठेकेदारको नाम थर | ठेक्का रकम रु | कैफियत |
|---|---|---|---|---|
| **क** | **स्थानीय पूर्वाधार सडकहरु** | | | |
| १ | बेलबारी फडानी सडक | प्रदिप गुरुङ | १००५०० | |
| २ | भाउन्ने किर्तीमान सडक | हेमन्त सुवेदी बेलबारी ३ | २५००००० | |
| ३ | भाउन्ने आमतोला सडक | निर्मला बजगाई बेलबारी ७ | ४०२००० | |
| ४ | लालभित्ती केरावारी देवीझोडा डागी बगैचा सडक | सन्देश मगर बेलबारी १ | ५०००० | |
| ५ | लक्ष्मीमार्ग सोराभाग सडक | उपेन्द्र राई बेलबारी ११ | २००१०० | |
| **ख** | **हाट बजारको विवरण** | | | |
| १ | कृषिउपज हाटबजार लक्ष्मीमार्ग | जगत बहादुर राई | ८०००० | |
| २ | बेलबारी १ २ ३ हाटबजार | सुदिप भण्डारी | ९००५०० | |
| ३ | बेलबारी ९ डागीहाट बजार | निरज सुवेदी | १५०००० | |
| ४ | बेलबारी ७ बाहुनी बजार | ओम प्रकाश खवास | २०६१५१ | |
| ५ | बेलबारी ६ सोमवारे बजार | सविता कुमारी खवास | २५५५१ | |

**क.** ठेक्का बन्दोबस्त हुन बाकी रहेका हाटबजारहरु मध्ये राजस्व परामर्श समितिको सिफारिस अनुसार बेलबारी ५ को शनिवारे बुधवार र विहीवारे बजारको साविक ठेक्का रकम रु. ४०००० बाट रु. ३२००० न्यूनतम अंक कायम गर्ने निर्णय गरियो ।

**ख.** बेलबारी १० को बुधवारे हाट भाउन्ने, नारायण चौक बजार आईतवारे र विहीवारे चौक बजारहरुको एउटै ठेक्का बन्दोबस्त गर्नको लागि न्यूनतम अंक रु. ५०००० कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को लेखा तथा योजना संचालनको स्रेस्ताहरुको आन्तरिक लेखापरिक्षण गरिदिन हुन कोष तथा लेखा नियन्त्रण कार्यालय विराटनगर मोरङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** बेलबारी नगरपालिका वडा नं. १० बस्ने भद्र सिंह धिमालको नाती टेक बहादुर धिमालको छोरा वर्ष ४५ को शैलेन्द्र कुमार धिमालले साविक डाँगिहाट गा.वि.स ४/ङ को कि.नं. ९७८ को ज.वि. ०-४-१९-० मध्ये पश्चिम तर्फबाट ०-४-०-० विगा जग्गा नगरपालिकालाई निशुल्क उपलब्ध गराउने मिति २०७५।०४।०८ मा निवेदन

दिनुभएकोले उक्त् जग्गा नगरपालिकालाई आवश्यक भएकोले निशुल्क रुपमा ग्रहण गर्ने र निशुल्क जग्गा रजिष्ट्रेशन गरिदिनहुन मालपोत कार्यालय बेलबारीलाई अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त जग्गा रजिष्ट्रेशनको लागि कार्यालयको तर्फवाट शा.अ. अधिकृत स्तर सातौ श्री महेन्द्र खड्कालाई प्रतिनिधी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**ः योजना संचालन अनुगमन कार्यलाई प्रभावकारी बनाउनको लागि वडा कार्यालयलाई अझबढी जवाफदेही बनाउदै लैजानको लागी दुईपांग्रे सवारी साधनको आवश्यकता हुदाँहुदै पनि हालसम्म सवारी साधनहरुको अभाव भैरहेकोले आगामी दिनमा नगरपालिका तथा वडा कार्यालयहरुमा सवारी साधनको सहजता कायम गरी कार्य प्रकियालाई प्रभावकारी बनाउनको लागी वडा कार्यालय तर्फ ११ थान (२ थान स्कुटर सहित) र नगर कार्यपालिकाको कार्यालयमा ४ थान गरी जम्मा १५ थान मोटरसाईकल अधिकतम १६० सि.सि. हुने गरी खरीद प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**ः बेलबारी नगरक्षेत्रभित्र पर्ने लोहन्द्रा खोला र चिसाङ्ग खोलाको (आईई) प्रारम्भिक वातावरणीय परिक्षणको लागि विराट ईन्जिनियरिङ सोलुशनस् प्रा.लि. विराटचौकसँग भएको संझौता भएनुसार अध्ययनको प्रारम्भिक मस्यौदा प्रतिवेदन माथि भएको छलफलमा लोहन्द्रा खोलाको प्याकेज नं. १ र २ तथा  चिसाङ खोलाको १ वटा प्याकेज सहित ३ वटा प्याकेज रहेकोमा उक्त प्याकेजहरुको छलफलमा उठेका विषयहरु समावेश गरी तयार भएको अन्तिम प्रतिवेदनलाई जिल्ला समन्वय समिति मोरङमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।